अनुसूचिः२

(दफा ४ तथा अनुसूचि -१ को भाग - २ सँग सम्बन्धित)

# बुढिनन्दा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः ४ मितिः २०७९/०५/१३

## भाग- २

## बुढिनन्दा नगरपालिका

बुढिनन्दा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोल्टी, बाजुरा

**नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा संचालन कार्यविधि, २०७४ लाई संशोधन गर्ने प्रस्तावको तीन महले विवरण**

| क्र.सं. | बुँदा | कार्यविधिको वर्तमान अवस्था | कार्यविधिमा संशोधन प्रस्ताव | कारण तथा सुझाव |
|---|---|---|---|---|
| १ | बुँदा (१) | मुल कार्यविधिको बुँदा नं (१) | **नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा संचालन कार्यविधि, २०७४ (पहिलो संशोधन)**<br>नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा संचालन कार्यविधि, २०७४ लाई संशोधन गर्न वाञ्छनिय भएकोले ऐ कार्यविधिको बुँदा नः १०८ ले दिएको अधिकार प्रयोग गरि बुढिनन्दा नगर कार्यपालिकाले देहाएका नियमहरु बनाएको छ ।<br>१. संक्षिप्त नाम र प्रारम्भः<br>(क) यो कार्यविधिको नाम "नगरपालिकाको आधारभुत तथा माध्यामिक शिक्षा संचालन कार्यविधि, २०७४ ( पहिलो संशोधन)" रहेको छ ।<br>(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ । | |
| २ | बुँदा नं १०२ (ख) | **मुल कार्यविधिको बुँदा १०२ (ख) मा थपः**<br>मुल कार्यविधिको बुँदा नं १०२ (ख) मा "नरहने" शब्दको सट्टा "रहने शब्द थपिएको | मुल कार्यविधिको बुँदा १०२ (ख) मा थपः<br>✓ १०२ (ख) धर्म, सम्प्रदाय, जनजाति, लिङ्ग, भाषा, वर्ग, क्षेत्र वा सम्प्रदायको आधारमा घृणा वा द्वेष उत्पन्न हुने कुनै क्रियाकलापमा भाग लिन बन्देज रहने, | मुल कार्यविधिको बुँदा नः १०२ (ख) मा "नरहने" शब्द प्राविधिक त्रुटि कारण रहन गएकोमा सो शब्द हटाई "रहने" शब्द थप गर्नु परेको |

आज्ञाले,
डा विजय भुर्तेल
प्रमुख प्रशासकिय अधिकृत